वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।

❖ बाढी, पहिरो र डुवानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानिय विपद् व्यवस्थापन समितिलाई जानकारी गरऔं

❖ विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।

❖ प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY








वर्ष–१३ ।। अङ्क : १४७ ॥ २०७८ श्रावण १६ गते शनिबार (31stJuly 2021 Saturday) **Pratidin** National Daily dNo-?:%÷-


# बद्‌मासी भएकै हो–स्वास्थ्य शाखा प्रमुख पोखरेल

*बिर्तामोड (प्रस) ।* होटलमा कोरोनाविरुद्धको खोप लुकाउँदा बिर्तामोड नगरपालिकाका फोकल पर्सन पक्राउ परिरहँदा नगरका स्वास्थ्य शाखा प्रमुख तुलसी पोखरेलले बद्‌मासी भएको कुरा स्वीकारेका छन् । लक्षित समूहले कोरोना खोप लगाउन नपाइरहेका बेला बिर्तामोडस्थित होटल टाइमलेस मोमेन्टमा लुकाएको एकसय भायल कोरोनाबिरुद्धको भेरोसिल खोपसहित कोभिड पर्सन ओम खड्का पक्राउ परेका थिए । शुक्रबार बिर्तामोडस्थित होटल टाइमलेस मोमेन्टमा लुकाएको खोप सहित नगरका जनस्वास्थ्य प्रमुख ओम खड्का फेला परेका हुन् । कोरोनाविरुद्धको खोप मापदण्डविपरीत आफू निकटलाई मात्र दिने गरेको गुनासो आइरहेका बेला लुकाएर राखिएको खोप र फोकल पर्सन खड्कालाई स्थानीय युवाले अपरान्ह ४ बजे फेला पारेका थिए । विगत केही दिनयता जनस्वास्थ्य



प्रमुख खड्काले सो होटलमा नजिकका ब्यक्तिहरुलाई बोलाएर खोप लगाउने गरेको जानकारीमा मिलेको थियो । खोपसहित कोभिड पर्सन नै फेला परेपछि प्रहरी टोली समेत पुगेको थियो ।प्रहरीले खोपसहित खड्कालाई नियन्त्रणमा लिएको छ । खोप लुकाएको कुरा बाहिर आइरहँदा शाखा प्रमुख पोखरेलले खड्कासहितले बदमासी गरेको बताए । उनले स्वास्थ्य शाखाका फोकल पर्सन खड्का , सिनियर अहेव दीपक सापकोटा , संगीता अधिकारीलाई खोपको जिम्मा दिइएको बताउँदै उनीहरुबाट बदमासी भएको दावी गरे । 'सबै तालाचाबी उनीहरुसँगै हुन्थ्यो' उनले भने ,'बद्‌मासी पक्कै गरे होलान् ।'

खड्काले भने आफू होटेलमा नै क्वारेन्टाईनमा रहेकाले खोप ल्याइएको दावी


❖ बाँकी तेस्रो पृष्ठमा


# भद्रपुर नगरपालिकामा पनि पूर्ण निषेधाज्ञा



भद्रपुर, साउन १६ । झापाको सदरमुकाम समेत रहेको भद्रपुर नगरपालिकाले शनिवार मध्यरातिबाट नगरक्षेत्रमा अत्यावश्यक बाहेकका सवै सेवा बन्द गर्ने निर्णय सार्वजनिक गरेको छ ।

जिल्ला कोभिड १९ व्यवस्थापन समिति झापाको साउन १४ गतेको निर्णय अनुसार भद्रपुर नगरप्रशासनले नगरक्षेत्रमा


❖ बाँकी अन्तिम पृष्ठमा



बाल्मीकि एजुकेशन फाउण्डेशन

बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**भर्नाः २०७८ असार ६ गते आइतवारदेखि । समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि

बाल्मीकि एजुकेशन फाउण्डेशन

बिर्तामोड–१, झापा

०२३–५४०१९५/ ५४२८२०


# सातानुबारी कि दरबार मार्ग टोल ?

*बिर्तामोड (प्रस) ।* आफू जीवित छँदै आफ्नो श्रीमान् सातानु राजवंशीको नामबाट राखिएको बस्तीको नाम परिवर्तन गरेपछि वयोबृद्धा गौरवती राजवंशी दुखी छिन् । आफ्नो श्रीमान र गाउँबस्तीकै इतिहासलाई नामेट पार्न खोजेकोमा ८६ वर्षिया गौरवतीलाई दुख लागेको हो ।

बिर्तामोड मात्र नभएर झापा जिल्लामै सातानु राजवंशीलाई नचिन्ने कोही थिएनन् । तीनपल्ट प्रधानपञ्च भएका सातानु प्रख्यात थिए । राजनीतिक , आर्थिक , सामाजिक हरेक क्षेत्रले उनी निपुण थिए । अहिलेको सैनिक मोडको सिंगो शहर अवस्थित सम्पूर्ण जग्गा उनकै थियो । उनको ख्याति र योगदानकै आधारमा त्यस ठाउँलाई सातानुबारी भन्ने गरिन्थ्यो । निकै वर्षपछि २०१५ सालमा इलामबाट भुपू सैनिक परिवारलाई ल्याएर हालको सैनिक बजारमा राखेपछि सातानुबारीलाई सैनिकमोड भन्न थालियो । त्यति हुँदाहुँदै केही वर्षदेखि दरबारमार्ग टोल राखिएपछि बयोबृद्धा गौरवतीको चित्त दुखेको हो । ' हामी पुराना बासिन्दा राजवंशीहरु बोल्दैनौं' उनले भनिन् ,' जसले जे पायो त्यही नाम राख्छन् । भूमिपुत्र राजवंशीहरु एक नहुँदा उनीहरुको अस्तित्व र पहिचानलाई मेट्ने दुष्प्रयास गर्ने गरिएको उनको बुझाइ छ ।' पहिलाका मानिसहरु अशिक्षित थिए तर इमान्दार थिए ' उनले दुखेसो पोखिन् ,' अहिले शिक्षित छन् तर छलकपट गर्छन् ।'

उनलाई संझना भएअनुसार त्यतिबेला सातानुबारीमा उनीहरुको मात्र घर थियो चारैतिर जंगलैजंगल । बिर्ताबजारमा पनि धैरै घर थिएनन् । बिर्तामोड भएको ठाउँमा काशघारी थियो । पछि मात्र शहरीकरण भएको हो । नेपालको



सुदूरपूर्व दक्षिणका तीन जिल्ला झापा , मोरङ र सुनसरीमा प्राचीनकालदेखि बसोबास गर्दै आएका मुख्य जातिको रुपमा राजवंशीलाई मानिन्छ । यो जाति नेपालका आदिबासी समुदायको प्रमुख जाति हुन् ।आफ्नै किसिमको भाषा , संस्कार संस्कृति , रहनसहन भएको हुनाले राजवंशी जातिको छुट्टै पहिचान छ । राणाकाल र पंचायतकालदेखि बहुदलीय शासन व्यवस्थासम्म आइपुग्दा राजवंशीहरुकै वर्चस्व रहेको थियो ।

त्यसपछि उनीहरु क्रमश विस्थापित भएका हुन् । विस्थापित भएसँगै उनीहरुको विगतको इतिहासलाई मेट्ने दुष्प्रयास जारी छ । राजवंशी शब्द 'झाप'बाट झापा जिल्लाको नामाकरण गरिएको सन्दर्भमा यस जिल्लाको विगतलाई हेर्दा अधिकांश भूभाग यही जातिले नै उपभोग गरेका थिए । कूल खेतीयोग्य जमिनको ८० प्रतिशतको स्वामित्व राजवंशीहरुको हकमा रहेको थियो । जिम्दार , पट्वारी, देउनियाजस्ता पदप्रतिष्ठामा रहेर उनीहरुले यहाँको शासनको बागडोर सम्हालेका थिए ।

बिर्ताबजार, चारपान्या ,गारामुनी ,रुकाधारी , लालमाटी ,भाङ्गाटीनबारी , चैतुबारी ,कल्ठुबारी , मेघाबारी , बानालालबारी , चिमितबारी , कचुबारी , भाजीखुवाबारी , तेलगानी , संग्लुबारी , फागुबारी ,सातानुबारी ,मान्डाबारी , घान्टीबारी ,नारियाबारी , साधुलालबारी , सातालसिंहबारी , लखीबारी , पाग्लीभट्टी ,खोकबारी,तहबिलबारी , झाँजीबारीजस्ता गाउँबस्तीको नामाकरणले पनि बिर्तामोडको मूल बासिन्दा राजवंशीहरु भएको प्रमाणित गर्दछ ।

तर , अहिले बिर्तामोडका धैरै टोल वस्तीको इतिहासलाई मेटाउने गरी नाम परिवर्तन गरिएको छ । एउटा जातिले अर्को जातिको अस्तित्वमाथि धावा बोलिरहँदा समेत स्थानीय सरकारले सहयोग गर्नुको साटो अस्तित्व समाप्त पार्नेतर्फ लागेको बिर्तामोड नगरपालिकाका कार्यपालिका सदस्यसमेत रहेका राजवंशी विकास प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशीको भनाइ छ । नगरपालिका र वडा कार्यालयहरुले टोल विकास संस्था गठन गर्नेक्रममा पुराना गाउँवस्तीको इतिहास र पहिचानलाई मेटाउने काम गरिएको उनले बताए । यसबाट यहाँका पुराना बासिन्दामा चिन्ता थपिएको राजवंशीले बताए ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



बिर्तामोड नगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र

नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना




सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०७८ श्रावण १ गते देखि भाद्र मसान्तसम्ममा** सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । बालबालिका,पूर्ण अपाङ्गता, ९० वर्षमाथी र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

आवश्यक कागजातहरु

- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण सेवा इकाइ
बिर्तामोड नगरपालिका,झापा


# बिर्तामोडमा आएको खोप कहाँ कहाँ गयो ?

बिर्तामोड , साउन १६ । कोरोनाविरुद्धको खोप सकिएको भन्दै शुक्रबार देवी माविको खोप कार्यक्रम स्थगित गरियो । त्यस्तै महेन्द्र रत्न खोपकेन्द्रका सयौंलाई समेत फिर्ता पठाइयो । तर नगरपालिकासँग खोप भइभइकन पनि घण्टौसम्म लाइनमा बसेकाहरुले खोप लगाउन पाएनन् । होटलमा खोप लुकाएको घटना बाहिरिएसँगै स्वास्थ्य कार्यालय झापाबाट आएको खोपको विवरण माग्दा नगरपालिकासँग अझै खोप बाँकी रहेको देखियो ।

जुन खोप सर्वसाधारणलाई नदिईकन अरुकै लागि जोगाएर राखिएको थियो । बिर्तामोड नगरपालिकालाई स्वास्थ्य कार्यालयले ४ हजार ४११ भायल खोप पठाएको थियो । एक भायलमा दुई डोज खोप हुने गरेको छ । पहिलो दिन ३००२, दोस्रो दिन २६४६ , तेस्रो दिन २३६६ डोज लगाएको देखिन्छ । शुक्रबार खोप सकिएको भन्दै २०० जनालाई मात्र खोप लगाइयो । जबकि नगरपालिकासँग अझै ३०४ भायल अर्थात ६१४ डोज खोप स्टक देखिएको छ । खोपको विवरणका बारेमा आफूलाई केही पनि थाहा नभएको स्वास्थ्य प्रमुख तुलसी पोखरेलले सबै विवरण सिनियर अहेब दीपक सापकोटासँग भएको बताएका थिए । सापकोटासँग विवरण माग्दा उनले त्यस्तो जानकारी दिएका छन् । खोप कार्यक्रमको जिम्मेवारी खोपसहित पक्राउ परेका फोकल पर्सन ओम खड्का , सिनियर अहेव सापकोटा र स्वास्थ्यकर्मी संगीता अधिकारीले लिएका थिए । उनीहरुले खोप वितरणमा मनोमानी गरेका हुन् ।

जसले जति मन लाग्यो त्यति खोप बोकेर गएको स्वयं शाखा प्रमुख पोखरेल बताउँछन् ।व्यवस्थित रुपमा खोप लानुपर्नेमा ८० भायल खोप झोलामा बोकेर देवी मावि गएको उनले बताए । होटल टाइमलेस मोमेन्टमा मात्र खोप लुकाएको भेटिएको छैन , नगर प्रमुख ध्रुबकुमार शिवाकोटीले आफ्नो हेवन वाटर पार्कमा लगेर आफ्ना मानिसलाई खोप लगाइदिएका छन् । त्यस्तै नगरपालिकाका स्वास्थ्यकर्मीले घरघरमा खोप लिएर गएको कुरा खुल्न आएको छ । बिर्तामोडमा कोरोनाविरुद्धको खोपमा हारालुछ भएको हो । जसको हात जगन्नाथ भनेझैं जनप्रतिनिधि र कर्मचारीले खोपमा रजाइ गरेका छन् ।

घण्टौंसम्म चर्को घाममा लाइनमा बस्दा पनि लक्षित समूहले खोप लगाउन पाएनन् । नगरपालिकामा आएको एक-एक खोपको विवरण उपलब्ध गराउनुपर्ने भन्दै सर्वसाधारणले नगरपालिका घेराउ गर्ने भएका छन् ।

# खड्कामाथि कार्वाही गर्न चौतर्फी माग

बिर्तामोड ,साउन १६ । झापाको बिर्तामोडस्थित होटल टाइमलेस मोमेन्टमा लुकाएको सय भायल कोरोनाबिरुद्धको भेरोसिल खोपसहित पक्राउ परेका फोकल पर्सन ओम खड्कामाथि कार्वाही गर्न चौतर्फी माग भएको छ । मानव अधिकार संजाल झापाले एक प्रेस विज्ञप्ति जारी नगरपालिकाका स्वास्थ्य शाखाका कर्मचारीबाटै खोप अनियमित रुपले होटलमा लुकाइ राखेको अबस्थामा खोप बरामद हुनुले लज्जास्पद र निन्दनीय भएको जनाएको छ । महासचिव डा. रुपकप्रसाद खनालले जारी गरेको विज्ञप्तिमा जनताको स्वास्थ्य सम्बन्धी अधिकारमाथि खेलवाड गर्ने बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाका कर्मचारीलाई कडाभन्दा कडा कार्वाही गरी आगामी दिनमा खोपलाई दुरुपयोग हुन नदिई सहज बनाउन बिर्तामोड नगरपालिका , जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग माग गरिएको छ ।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी बिर्तामोड नगर समितिले पनि कार्वाहीको माग गरेको छ । नगर अध्यक्ष रन्जु प्याकुरेलले एक विज्ञप्ति जारी गरी जनस्वास्थ्यसँग जोडिएको संबेदनशील बिषयमा जिम्मेवार निकायका व्यक्ति नै संलग्न रहनुले जनआक्रोश चुलिएको अवस्थामा सत्य तथ्य छानबिन गरी जनतालाई सुसूचित गर्न र त्यस्ता कर्मचारीलाई अबिलम्ब कार्वाही गर्न स्थानीय सरकारसमक्ष माग गरेकी छन् ।

त्यस्तै सामाजिक संजालमा विभिन्न व्यक्तिहरुले आक्रोश पोख्दै कार्वाहीको माग गरेका छन् । ‘ बिर्तामोड नगरपालिका विभिन्न भ्रष्टाचारीहरुको अखडा नै भएको हो त ? भ्याक्सिन पनि भ्रष्टाचार गर्न छाडेनन् भने अरु के भएको होला ?’ लोकबन्धु कन्दङ्वाले लेखेका छन् । त्यस्तै विनोद बस्नेतले लेखेका छन् - होटलमा खोप ! कडा कार्वाही होस् , बिर्तामोड स्वास्थ्य शाखाका कोभिड फोकल पर्सन ओम खड्काले १०० भायल खोप लुकाइछिपाइ अनियमितता गरी राखेको अवस्थामा फेला पर्नुले खोपको कालोबजारी कसरी भइरहेको छ भन्ने प्रष्ट हुन्छ । फ्रन्टलाइनमा काम गर्ने पेट्रोलियम मजदुरलाई खोप नदिने, तीनपुस्ते विवरण माग्ने, हजारौं वृद्ध बुवा आमालाई तातो घाममा दिनभर उभ्याएर खोप सकियो भन्दै फर्काउने तर अनियमित ढंगबाट पहुँचमा बसेकालाई खोप विक्री गर्ने माफिया खड्काजी र उनीसँग यस धन्दामा मिलेमतो गर्ने सबैलाई बर्खास्त गरी कडा कार्वाही गरियोस् । कोभिड शुरु भएदेखि फोकल पर्सनको नाममा खड्काजीको व्यापारिक धन्दा मौलाएको र केही कर्मचारीसंग साँठगाँठ गरी राम्रो कमाइ गरेको पनि बजारमा प्रशस्त सुनिन्छ । यसको पनि छानबिन होस् ।

त्यस्तै सुवास भट्टराईले तातोघाममा नागरिक उभ्याएर, होटल-होटलमा खोप लगेर चरम कालोबजारी गर्ने जो कोही होस् हदैसम्मको कार्वाही गर्न स्थानीय प्रशासनसमक्ष माग गरेका छन् ।

त्यसैगरी सजेश शिवाकोटीले लेखेका छन् - बिर्तामोड नगरपालिकाले साउन १२-१५ गतेसम्म लगाएको खोपको जानकारी सार्वजनिक गर । खोपको अनियमितताको पराकाष्ठा हुँदैछ । खबरदार । उता कुमार थापाले जनतालाई सास्ती दिएर खोप चाहिँ होटलमा लुकाउने, बिर्तामोडका कर्मचारीलाई बर्खास्त गर्न माग गरेका छन् । त्यस्तै अनुप सापकोटाले यस्ता माफियालाई कोभिड इञ्चार्ज बनाएकोले बृद्ध बुबाआमालाई सास्ती दिएर यो घटना निम्त्याएको प्रतिक्रिया दिएका छन् भने दिपेश प्रसाईले कार्वाहीको दायरामा ल्याउनुपर्‍यो, यस्ता निच व्यक्तिलाई सबैको सामु चिन्नेगरी देखाइयोस् भनेका छन् । विष्णु आचार्यले खबरदारीसँगै यस्तो हर्कत गर्नेलाई कडाभन्दा कडा कार्वाही गर्नुपर्ने धारणा राखेका छन् ।

त्यस्तै गजेन्द्रबहादुर पौडेलले लेखेका छन् - बिर्तामोडका फोकल पर्सनबारे धेरै कुराहरू सुनिएको थियो आज प्रमाण नै भेटियो । यति निच र गैरजिम्मेवार व्यक्तिले राजीनामा दिनुपर्छ । बिर्तामोडबासीमाथि यत्रो खेल ? यो प्रतिनिधि घटना मात्र हो । योभन्दा अगाडि यस्ता कति घटना थाहै पाइएन होला ? बिर्तामोड नपाले खोपको विवरण सार्वजनिक गर्नुपर्छ ।पक्राउ परेका खड्का राति नै छुटेका छन् । बिर्तामोड प्रहरीले बरामद खोपसहित पक्राउ परेका खड्कालाई स्वास्थ्य कार्यालयको जिम्मा दिएको प्रहरी नायव उपरीक्षक सन्तोष आचार्यले बताए । स्वास्थ्य कार्यालयले राति नै छोडिदिएको बिर्तामोड स्वास्थ्य शाखा प्रमुख तुलसी पोखरेलले बताए ।

# विपी प्रतिष्ठानको स्वास्थ्य सेवा ठप्प पार्ने चेतावनी

***झापा (प्रस) ।*** विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान शुद्धीकरणको माग राखेर ४६ दिनदेखि आन्दोलनरत चिकित्सक विद्यार्थी र कर्मचारीहरुले प्रतिष्ठानको स्वास्थ्य सेवा ठप्प पारेर आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

४६ दिनसम्मको शान्तिपूर्ण आन्दोलनलाई राज्यले देखेको नदेख्यै गरेको आरोप लगाउँदै आन्दोलनकारीले तत्कालै स्वास्थ्य सेवा प्रवाह प्रभावित हुने गरी नयाँ आन्दोलन घोषणा गर्ने बताएका हुन् ।

प्रतिष्ठानको समस्या र आन्दोलनबारे राजनीतिक दलका नेताहरुसँग आयोजना गरिएको भर्चुअल छलफलमा सहभागी नेताहरुले स्वास्थ्य सेवा प्रभावित पारेर आन्दोलन नगर्न सुझाव दिएका थिए । एमाले नेता भीम आचार्य, माओवादी नेता गणेश साहलगायतले आन्दोलनकारीको माग जायज रहेको तर जनतालाई दुःख दिने गरी आन्दोलन नगर्न सुझाव दिएका थिए ।

जवाफमा आन्दोलनकारीले धैर्यताको बाँध टुटेको बताएका थिए । ‘हामी ४६ दिनदेखि सत्याग्रहपूर्ण आन्दोलनमा छौं’, प्रतिष्ठानस्थित संयुक्त संघर्ष समितिका सहसंयोजक डा. विष्णु पोखरेलले भने ‘हाम्रो यस्तो आन्दोलनलाई राज्यले देखेको नदेख्यै गरेको छ । अब हामी बाध्य भएर स्वास्थ्य सेवा रोकेरै आन्दोलनको तयारीमा लागेका छौं ।’

संयुक्त संघर्ष समितिले सरकारलाई आफ्ना माग पूरा गर्न ७२ घन्टे अल्टिमेटम दिने र उक्त समयमा माग पूरा नभए कोभिड उपचारबाहेकका सेवा ठप्प पार्ने तयारी गरेको चिकित्सक बताउँछन् । ‘ आइतबार वा मंगलबार मध्ये एक दिन रोजेर यो आन्दोलनको घोषणा हुनेछ’, समिति स्रोतले भन्यो ‘शालिन आग्रहलाई सरकारले सुनेन । अब स्वास्थ्य सेवा ठप्प नपारे हामीसँग अर्को विकल्प छैन ।’

आन्दोलनकारीले उपकुलपतिसहित प्रतिष्ठानका चारै जना पदाधिकारीको पदमुक्ति, विपी प्रतिष्ठानभित्रको अनियमितता छानविन, शैक्षिक र स्वास्थ्य प्रतिष्ठानको पदाधिकारी नियुक्तिमा दलीय हस्तक्षेप रोक्न माग गर्दै आएका छन् । यसबीचमा प्रधानमन्त्री कार्यालयका सचिव बैकुण्ठ अर्याल नेतृत्वको छानबिन समिति धरान आएर सर्वपक्षीय छलफल गरेर फर्केको थियो । समितिले तयार पारेको प्रतिवदेन अझै सार्वजनिक भएको भने छैन ।


## कृषि बजार व्यवस्थापन समितिको ठेक्का सम्बन्धी सूचना

**कृषि बजार व्यवस्थापन समिति बिर्तामोडको २०७८।०३।३१ गतेको बैठकको निर्णयानुसार आ.व. २०७८।०७९को २०७८ भदौ १ गतेदेखि २०७९ असार मसान्तसम्म ११ महिनाको कृषि बजारभित्र प्रवेश गर्ने मालवाहक ढुवानीका साधनबाट कृषि बजारमा भित्रिने वस्तु र तथा ढुवानीका साधनहरुको प्रवेश शुल्क तथा सेवा शुल्क वापत लिने शुल्क उठाउने कार्य ठेक्का लगाउनुपर्ने भएकोले निम्न बमोजिमको शर्तहरु अनिवार्य पालना गर्ने गरी न्यूनतम् अंक रु. २११०००। (अक्षरेपी रु. एक्काइस लाख एक हजार मात्र)मा नघटाई प्रचलित नियमानुसार गोप्य डाक बढाबढ माध्यमबाट बजार ठेक्का लगाइने भएकोले नेपाली नागरिकता वा फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन अथवा २०७८ साउन २९ गते अपरान्ह ५ बजेसम्ममा टेण्डर प्रक्रियामा सहभागी भई ठेक्का रकमको प्रस्ताव पेश गर्न आव्हान गरिन्छ ।**

**शर्तहरुः**

**१) फर्म बजार समितिको कार्यालयबाट रु. १५००। (अक्षरेपी एक हजार पाच सय मात्र) बुझाई लिनुपर्नेछ ।**

**२) ठेक्का वापतको ५०% रकम सम्झौता गर्दाको समयमा भुक्तानी गर्नुपर्ने छ । र, बाकी ५० प्रतिशत रकम ठेक्का सम्झौता समाप्तीको ६ महिना अगाडि भुक्तानी गर्नुपर्नेछ ।**

**३) कुन बस्तुको हाटबट्टी शुल्क साथै कुन प्रकृतिको मालवाहक सवारी साधन र खाली सवारीसाधनको प्रवेश शुल्क केकति असुल गर्नुपर्ने हो, सो सम्बन्धमा व्यवस्थापन समितिले निर्णय गरे अनुसार हुनेछ ।**

**४) ठेक्का लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रतिलिपि र फर्महरुले चालू आ.व.को नवीकरणसहित दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।**

**५) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कृषि बजार व्यवस्थापन समितिमा रहनेछ ।**

**६) बोल कवोल रकमको हुन आउने ५ प्रतिशत रकम धरौटी स्वरुप समितिको कृषि विकास बैक लिमिटेड शाखा बिर्तामोडमा रहेको खाता नं. ०६००६००१४७६६७०११ मा जम्मा गरी बैक भौचरसहित प्रस्ताव पेश गर्नुपर्नेछ ।**

**७) ठेक्का प्रक्रियाबाट छनौट भएको व्यक्ति वा फर्मले समयमा सम्झौता नगरेमा धरौटी वापतको रकम जफत हुनेछ ।**

**८) अन्य थप जानकारीका लागि बजार व्यवस्थापन समितिको कार्यालय बिर्तामोड५मा सम्पर्क गर्न सकिनेछ ।**

**कृषि बजार व्यवस्थापन समिति**

**बिर्तामोड५, फोन नं. ०२३५३०००२, ५३२१५६**

**इमेलः** kub.btm1@gmail.com


## भद्रपुर...

अत्यावश्यक बाहेका सवै सेवाहरू साउन २३ गते मध्यरातिसम्मका लागि स्थगित गरेको हो । नगरपालिकाले जारी गरेको सूचना अनुसार नगरभित्रका सवै वडा कार्यालयले दिने अत्यावश्यक बाहेकका सवै सेवा पूर्णरूपमा बन्द रहने छन् भने विभिन्न शाखा र मातहतका निकायका सेवा पनि साउन २३ गतेसम्मका लागि बन्द गरिएका हुन् ।

झापामा कोभिड १९ का विरामीको संख्याले उच्च गति लिएको ठहर गर्दै एक हप्ताका लागि साउन १६ गते मध्यरातिबाट २३ गतेसम्मका लागि जिल्ला प्रशासन कार्यालय झापाले पूर्ण निषेधाज्ञा जारी गरिसकेको छ ।

दोस्रो लहर अन्तर्गत झापाभित्र समुदाय स्तरमा कोरोना संक्रमण पुनः तीव्र गतिमा फैलिन थालेपछि नियन्त्रणको प्रयासस्वरूप जिल्ला कोभिड नियन्त्रण तथा व्यवस्थापन समितिको सिफारिस अनुसार जिल्ला प्रशासन कार्यालय झापाले साउन १६ गते शनिवार मध्यरातबाट लागू हुनेगरी पूर्ण निषेधाज्ञाको आदेश जारी गरेको हो ।

शनिवार मध्यरातिदेखि साउन २३ गते मध्यरातिसम्म निषेधाज्ञा लागू हुने प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाद्वारा विहिवार जारी आदेशमा उल्लेख छ । निषेधाज्ञाको समयमा कुनै पनि व्यक्तिलाई अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्कन आदेश दिइएको छ भने अत्यावश्यक सेवा बाहेकका सबै यातायात र व्यापार व्यवसाय समेत बन्द गरिएको छ । यसअघि खुकुलो निषेधाज्ञा कायम थियो ।

कोरोना संक्रमणको दर उच्च गतिमा बढेपछि जिल्ला कोभिड १९ व्यवस्थापन समितिको सिफारिसमा प्रजिअ तिमिल्सिनाले पूर्ण निषेधाज्ञाको आदेश जारी गरेको जनाएका छन् ।

# सवारी सुरक्षित बनाउन जीपीएस ट्र्याकर प्रयोग

• **सरोज राउत**

के तपाई आफ्नो सवारी साधनको सुरक्षाको बारेमा चिन्तित हुनुहुन्छ ? यदि त्यसो हो भने तपाईं सही लेख पढ्दै हुनुहुन्छ किनकि यस लेखमा तपाईं कसरी जीपीएस ट्र्याकर प्रयोग गरेर आफ्नो सवारी साधन सुरक्षित बनाउन सक्नुहुन्छ भनेर जान्न सक्नु हुनेछ ।

हामी सबैलाई थाहा छ कि गाडीहरू चाहे ती बाइक हुन् वा कार धेरै महँगो सम्पत्ति हुन्। हाम्रो देशमा एउटा मोटरसाइकलको औसत मूल्य साढे तीन लाख रुपैयाँ पर्दछ । जो कुनै व्यक्तिको लागि एकैपटकमा तिर्न सकिने सानो रकम हैन । यदि कसैले एकपटकमा यति धेरै पैसा खर्च गरेर गाडी खरिद गर्दैछ भने ती व्यक्तिले त्यो गाडी लामो समयको लागि प्रयोग गर्ने सोच राखेका हुन्छन् । तर, यदि कसैले तपाईंको गाडी खरिद गरेको भोलिपल्ट चोरी गरे भने ? सामान्यतया, सवारी चोरीको बारेमा कल्पना मात्र गर्दा पनि कुनै पनि सवारी मालिकको दिमागमा डर उत्पन्न गराउन सक्छ । तसर्थ ट्र्याककन जीपीएसको ट्र्याकरमार्फत आफ्नो मोटरसाइकल र कारलाई सुरक्षित गरेर तपाईले त्यस्ता सवारी चोरहरुबाट आफ्नो सवारीलाई बचाउन सक्नु हुन्छ ।

हाम्रो कम्पनी ट्र्याकन प्रा लि ले vehicle security लाई मध्यनजर गर्दै आज बजारमा एक नवीन ट्र्याकिंग प्रणाली प्रस्तुत गरेका छौं । हाम्रो कम्पनीले ट्र्याकन जीपीएस नामक ट्र्याकिंग उपकरण प्रदान गर्दछ, साथै जीपीएसमार्फत प्राप्त भएको डेटालाई ट्र्याकन एपमार्फत सजिलैसँग मनिटर गर्न सकिने समेत जानकारी गराउँदछौं । हाम्रो ट्र्याकिंग उपकरणले तपाईंको आवश्यकताको आधारमा विस्तृत कार्यक्षमता प्रदान गर्न सक्दछ । यसमा real–time ट्र्याकिंग, geofence, ओभर-स्पीड अलर्ट, एन्टी-थेफ्त( anti–theft) अलर्टसहित एपमार्फत इन्जिन बन्द र पुनः सुचारु गर्न सकिनुको साथै अन्य धेरै सुरक्षा विशेषताहरु समावेश छन्।

**कसरी यो आईडियाको सिर्जना भयो त?**

पहिलो लकडाउनपछिको कुरा हो हाम्रो वरिपरिको स्थानहरुमा विभिन्न सवारी चोरीका घटनाहरु सार्वजनिक हुन थाले । विभिन्न पत्रपत्रिका एवं अनलाईन न्यूजपोर्टलमा समेत दैनिक एकाध सवारी साधनहरु हराईरहेका, चोरी भईरहेका समाचार पढ्नु पर्थ्यो, कहिलेकाहिँ चोरी गर्ने गिरोह नै समातिएको खबर सार्वजनिक भएतापनि चोरी गरिएको गाडीहरु भने सकुशल भेट्न निकै नै मुश्किल पर्ने गर्थ्यो । अझ सवारी चोरी गर्ने गिरोहमा स्थानीय ग्यारेज मेकानिकहरुको समेत संलग्नता देखिन थालेपछि त झन् गाडीहरु सिंगल पिसमा भेटिने कुरै भएन । यस्ता समाचारहरुले हामी आक्रोशित भएसँगै कतै हाम्रो साधन पनि चोरी हुने त हैन ? भन्ने डरमिश्रित आभास समेत भईरहेको थियो । यसैक्रममा हामीले भिभिन्न ट्र्याकिंग डिभाईसको अनलाईन खोजी गर्न थाल्यौं। हामीले एउटा डिभाईस दराज भन्ने अनलाईन प्लाटफर्मबाट खरिद पनि गर्यौं र चलायौं पनि ।तर चाइनिज सर्भर साथै चित्तबुझ्दो मोबाइल एप नभएका कारण जीपीएस accurate नहुने र डेटा समेत ढिलो प्राप्त हुने समस्याको सामना हामीले गर्नुपर्यो। केही नेपाली जीपीएस प्रदायक पनि थिए । तर, उनीहरुको शुल्क धेरै नै महँगो भएका कारण हामीले चाइनिज जीपीएस प्रदायक चयन गर्नुपरेको थियो । र यस्तै अनेकन कठिनाई एवं आफूले चाहेजस्तो ट्र्याकिंग समाधान नभेटेका कारण सिर्जना भयो ट्र्याकन जीपीएस को आईडिया ।




**ट्र्याकन ट्र्याकिंग उपकरणको फाइदाहरुः**

यस जीपीएस ट्रैकरको फाइदाहरु यस प्रकारका छन्ः

**१. एन्टी–थेफ्त अलर्टः**

यो फिचर ट्र्याकन जीपीएस ट्र्याकरको सबैभन्दा महत्वपूर्ण फिचरहरूमध्ये एक हो किनभने यसले तपाईंको गाडी चोरी वा कसैको जानीजानी क्षति पुर्याउने मनसाय छ भने त्यस्ता शंकास्पद गतिविधि हुनबाट बचाउँछ । अब तपाई सोच्नुहुन्छ कि सानो जीपीएस उपकरणले कुनै शंकास्पद गतिविधिबाट कसरी सचेत गराउन सक्छ। मानौं तपाईं सामान्यतया मोटरसाइकलमा अफिस जानुहुन्छ, तर तपाईं अफिस पार्किङ्ग क्षेत्रमा तपाईंको मोटरसाइकल राख्नु हुँदा एक शंकास्पद व्यक्तिले तपाईंको बाइकमा केही दिन नजर राख्दछ र तपाईंलाई त्यो कुरा थाहा छैन। अब, एक दिन त्यो शंकास्पद व्यक्तिले तपाईंको मोटरसाइकल चोर्ने निर्णय गर्दछ, र उसले यसलाई चोर्न खोज्छ । यदि तपाईंसँग आफ्नो बाइकमा ट्र्याकन उपकरण स्थापना गरिएको छ भने तपाईं आफ्नो मोबाइलमा एक एन्टी-थेफ्त अलार्मको फिचर पाउनुहुनेछ र यदि बाइक पहिले नै चोरी भएको छ भने उसलाई ट्र्याक गर्न सक्नुहुनेछ।

**२. सुरक्षित–क्षेत्र(safe –zone) निर्माण :**

माथि दिइएको उपशीर्षक हेरेपछि तपाईले सोच्दै हुनुहुन्छ होला कि यति सानो जीपीएस उपकरणले कसरी प्रयोगकर्ताका लागि सुरक्षित क्षेत्रहरू बनाउन सक्छ । तर, वास्तवमा यो कुरा ट्र्याकन जीपीएस ट्र्याकिंग एपको प्रयोगबाट गर्न सकिन्छ । ट्र्याकन जीपीएस स्थापना गरेपछि, मोबाइल एपमार्फत तपाई कुनै विशेष जियो-फेंस, एक सेफ-जोन मार्क गर्न सक्नुहुनेछ ताकि जब-जब तपाईको मोटरसाइकल त्यस क्षेत्रमा प्रवेश गर्दछ वा त्यस क्षेत्रबाट बाहिर निस्किन्छ तपाईलाई टाईम स्ट्याम्पहरूको साथ आफ्नो स्मार्टफोनमा एक द्रुत सूचना प्राप्त हुनेछ। साथै, तपाईंको आवश्यकता अनुरूप असीमित सुरक्षित-क्षेत्रहरू बनाउन सक्नुहुन्छ।

**३. Real–Time ट्र्याकिंगः**

हामीले पहिलो बुँदामा छलफल गरिसकेका छौं कि जब कसैले तपाईको गाडी चोर्न कोशिस गर्दछ, यस ट्र्याकरको सहयोगमा तपाईले तत्काल सूचना पाउनुहुनेछ । हो, ठिक त्यति नै बेला ट्र्याकअन एपमा भएको अर्को महत्वपूर्ण फिचर Real–Time ट्र्याकिंगले मुख्य भूमिका निर्वाह गर्दछ। यस फिचरको मद्धतबाट त्यस चोरलाई थाहा नै नदिइकन वास्तविक स्थान पत्ता लगाई चोर पक्रन सकिन्छ।

**४. ओभर–स्पीड अलर्टः**

जब तपाईं आफ्नो बाइकलाई आफ्नो साथी वा अरू कसैलाई दिनुहुन्छ तब यो फिचर अत्यन्तै फलदायी सावित हुन सक्छ। ट्र्याकरन जीपीएस ट्र्याकिंग एपमार्फत तपाईंले आफ्नो इच्छा अनुसार गति सीमा सेट गर्न सक्नुहुनेछ। जब त्यस व्यक्तिले गति सीमा पार गर्दछ, तपाईंले आफ्नो मोबाइलमा तत्काल सूचना प्राप्त गर्नुहुनेछ।

**५. सानो आकार एवं हल्का वजनः**

यस ट्र्याकरन जीपीएसको आकार पेनड्राइभ जत्रै र वजन अत्यन्तै थोरै(२६ ग्राम मात्र) भएको कारण तपाईंले आफ्नो मोटरसाइकल वा कारको जुनसुकै स्थानमा लुकाउन सक्नुहुनेछ।

**हाम्रो उद्देश्यः**

हाम्रो उद्देश्य भनेको नेपालमा प्रभावशाली जीपीएस ट्र्याकिंग तथा नेभिगेसन, सवारी सुरक्षा प्रणाली एवं व्यक्तिगत सुरक्षाको क्षेत्रमा अग्रणी स्थान हासिल गर्ने हो।

# झापाका पाँच किशोर पश्चिम बंगालबाट उद्धार

***झापा (प्रस) ।*** झापाका पाँच किशोरलाई भारतबाट उद्धार गरिएको छ। पश्चिम बंगालस्थित नेपाली महावाणिज्य दूतावास कोलकाताको सहयोगमा विश्व सेवा विस्तार संस्था काँकडभिट्टाले पाँच बालकलाई शुक्रबार दिउँसो स्वदेश फर्काएको संस्थाका वरिष्ठ कर्मचारी प्रमिला दुरालले जानकारी दिइन्।

पश्चिम बंगालको जलपाईगुरीस्थित कोरोकोम बाल आश्रममा आश्रय लिएर बसिरहेका ती किशोर हरूलाई काँकडभिट्टा नाकाबाट स्वदेश फर्काइएको उनले बताइन्। उद्धार गरिएका किशोरहरू दमक नगरपालिका- १ निवासी १४ वर्षीय खेम राजवंशी, मेचीनगर नगरपालिका- १ निवासी १६ वर्षीय अनिस विश्वकर्मा र १४ वर्षीय महेश विश्वकर्मा, मेचीनगर- ५ निवासी १५ वर्षीय नवीन लिम्बू र १६ वर्षीय रोमन कटुवाल छन्।



उनीहरूलाई परिवारको जिम्मा लगाइसकिएको छ। करिब १८ महिनाअघि मेचीनगरका चार किशोर एकैठाउँमा भेला भएर भारतको सिलिगुरीतर्फ घुम्न गएका थिए। त्यसपछि प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएर जलपाइगुरीस्थित बाल आश्रम बुझाइदिएका थिए। उनीहरूको खोजी गर्ने क्रममा मेचीनगरका चार र दमकका एक गरी पाँच किशोर त्यहाँ फेला परेका संस्थाका कार्यक्रम संयोजक कुमार बस्नेतले जानकारी दिए।

यता आफ्ना हराएका छोरा फेला परेपछि अभिभावकहरू दङ्ग हुँदै विश्व सेवा विस्तार संस्थालाई धन्यवाद दिएका छन्। मानव बेचबिखन र बालबालिकाको हकहितका लागि काम गर्दै आएको विश्व सेवा विस्तार संस्थाले यसअघि पनि थुप्रै बालबालिका तथा महिलाहरूलाई भारतका विभिन्न स्थानबाट उद्धार गरिसकेको छ।

gj ;~rf/ uk kl-ln-åf/f kl|sflzt tyf gj ;~rf/ ck ;]6df dlb|t sfof{no ebk|/ a; :6]8 klZrd, uh'/dv l6f]h, latf{dl8 -emfkf_ kmf]g g+ )@#–%$#*@) 0d]h pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# कहिले संवेदनशील बन्ने ?

**नेपालमा कोरोना संक्रमणको तेस्रो लहर फैलने जोखिम बढेको छ। निषेधाज्ञा खुकुलो पारिएसँगै हेलचेक्र्याइँका कारण संक्रमण दर बढेको हो। अहिले सरकारले नै १७ जिल्लालाई उच्च जोखिममा राखेको छ । दैनिक संक्रमित र मृतकको संख्या थपिएकाले केही जिल्लाका स्थानीय तहले निषेधाज्ञासमेत लगाउन सुरु गरेका छन्। झापा जिल्ला सिल गरिएको छ । दोस्रो लहरमा फैलिएको नयाँ भेरियन्टले हजारौंको ज्यान लिएको थियो। पहिलो चरणभन्दा दोस्रोपटक फैलिएको संक्रमण छिटो फैलँदा लक्षणसहितका संक्रमितसँगै मृतकको संख्या उच्च थियो। निरन्तरको निषेधाज्ञाले कोरोना संक्रमणदर घट्दै गएको समयमा पुनः खुकुलो पार्दा संक्रमण तेस्रो पटक फैलने चरणमा पुगेको छ। फरक–फरक समयमा कोरोनाको पनि नयाँ भेरियन्ट थपिने भएकाले अब फैलिए अझै जोखिम बढी हुने स्वास्थ्यविज्ञले चुनौति दिइरहेका छन्।**

**एक संक्रमितले एक वा सोभन्दा बढीलाई कोरोना सारे त्यसको लहर बढ्दै जाने हो। संक्रमणलाई संक्रमित व्यक्तिमा सीमित राख्न सके मात्र संक्रमण घट्ने हुन्छ। त्यसका लागि भरपर्दो विकल्प भनेकै खोप हो। तर, हालसम्म सबै उमेर समूहका नागरिकभन्दा जोखिममा बढी हुने निश्चित उमेर समूहकाले पनि पूर्णरूपमा खोप लगाउन पाएका छैनन्। कतिले पहिलो चरणको खोप लगाएको पाँच महिना बितिसक्दासमेत दोस्रो खोप लगाएका छैनन्। सरकारले तोकेको खोप लगाउने उमेर समूहले पनि भीडमा ठेलामठेल गर्दै खोप लगाउन जाँदा संक्रमण त्यहीँबाट फैलने जोखिम पनि उतिकै छ। धेरै नागरिक खोप केन्द्र टाढा हुँदा खोपबाट वञ्चित छन्। कतिपय ठाउँमा खोप दुरुपयोग भई लक्षित समूहले लगाउन पाएका छैनन्। सरकारले घर–घरमा गएर खोप लगाइदिने रणनीति तयार गरेको छैन।**

**यो विषयमा कार्यविधि बनेको पनि छैन। त्यसकारण खोपबाट धेरै नागरिक अझै वञ्चित हुने सम्भावना छ। खोप नपाउँदा संक्रमण र मृत्युदर पनि बढ्छ। खोप र स्वास्थ्य मापदण्डको अभावमा तेस्रो चरणमा फैलन सुरु भएको स्वास्थ्य विज्ञ दाबी गर्छन्। पछिल्लो तथ्यांकअनुसार मुलुकभर सक्रिय संक्रमितको संख्या २९ हजार ४ सय ४४ छ। होम आइसोलेसन र संस्थागत आइसोलेसनमा ठूलो संख्यामा संक्रमित उपचारत छन्। अस्पतालका सघन उपचार कक्ष (आईसीयू) र भेन्टिलेटरमा बिरामी थपिने क्रम छ। संक्रमण निरन्तर फैलने क्रममा छ। सरकार र नागरिक अब पनि संवेदनशील नबन्ने हो भने यो महामारीले पुनः धेरैको ज्यान लिन सक्छ।**




# चुनाव कि जनमतसंग्रह ?

**अरू त अरू, न्याय र समानताका पक्षपातीका रूपमा आफूलाई प्रस्तुत गर्ने नेताहरू नै न्याय र समानताविरुद्ध उभिएको पनि देखियो ।**



• किशोर नेपाल

नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले पार्टी कार्यकर्तालाई ‘ तोकिएको समयमा पार्टीको चौधौँ महाधिवेशन हुने’ कुरा जतिसुकै बुझाए पनि यसले कार्यकर्ताको मनभित्रको संशयलाई मेट्न सकेको देखिँदैन । कोरोना महामारीको तेस्रो चरण ‘डेल्टा भेरियन्ट’ नेपालका सहर-बजार र गाउँ-बस्तीमा फैलिन थालिसकेको अहिलेको अवस्थामा प्रधानमन्त्री देउवाले कांग्रेसको चौधौँ महाधिवेशन हुन्छ भनेर मात्रै महाधिवेशन हुने होइन । मानिसको ज्यानको मूल्यमा पार्टीको महाधिवेशन कहीँ भएको पनि छैन र हुनु पनि हुँदैन । प्रधानमन्त्री देउवाले पदमा बस्नेबित्तिकै खोपलाई आफ्नो प्राथमिकता बताएका थिए । त्यसअनुरूप नै अरू कार्यक्रमका रूपरेखा पनि निर्देशित हुनुपर्छ ।

देशको प्रधानमन्त्री भएकै कारण देउवाले कोरोनालाई नै आधार ‘बनाएर’ महाधिवेशनको मिति अलि पर घचेट्न नसक्ने होइनन् । अहिलेको अवस्थामा उनले महाधिवेशन ‘हुन्छ, हुन्छ, हुन्छ’ को रटान नरटे पनि हुन्छ । पार्टीको महाधिवेशन गर्नुपर्ने समयावधि नै एक वर्ष र पाँच महिना घर्किसकेको अवस्थामा आफैँले कुन मुखले त्यसलाई अझै पछि धकेल्नु ? भन्ने लागेको पनि हुन सक्छ, प्रधानमन्त्री देउवालाई । तर, पार्टी कार्यकर्तालाई महामारीको मुखमा धकेल्नुभन्दा केही समयका लागि महाधिवेशन स्थगित गर्नु नै बुद्धिमत्ता हुनेछ । कार्यकर्ताहरू पनि सभापतिको संवेदनशीलता देखेर दंग पर्नेछन् ।

पाँचौँपटक प्रधानमन्त्री भइसकेका छन् देउवा । तर, अघिल्लो चारपटक पनि उनको प्रभावकारिता स्थापित हुन सकेको होइन । यसपटक पनि उनको प्रभावकारिता स्थापित हुने संकेत देखिएको छैन । उनी जतिपटक प्रधानमन्त्री हुन्छन्, त्यति नै पटक कुनै न कुनै विशेषता देखाउन सके पो जनता पनि खुसी हुन्थे र उनलाई पनि राम्रो हुन्थ्यो । आखिर प्रधानमन्त्री भएर उनले कुन त्यस्तो महत्वपूर्ण काम गरे त ? सम्झिनका लागि केही स्मरणयोग्य घटना त हुनैपर्छ । आखिर मानिसहरू यसको जवाफ चाहन्छन् । कांग्रेसभित्र कसैसँग पनि छैन यस प्रश्नको जवाफ । अस्ति भर्खरसम्म, प्रतिपक्षी पार्टीका नेताका रूपमा पनि उनले असफलताकै सामना गरेका हुन । पछिल्लो चुनावमा जति थोरै संसदीय स्थानमा कांग्रेसले प्रत्यक्ष सफलता हासिल गऱ्यो, त्यो आफैँमा लाजमर्दो थियो । कांग्रेसजस्तो, नेपालको प्रजातान्त्रिक राजनीतिको मियो मानिएको दल नगण्य संसदीय क्षेत्रमा मात्र विजयी भएकाले पनि कांग्रेसीको मानमर्दन भयो । उनीहरूले सारै अपमानित महसुस गरे ।

चुनावमा पराजय व्यहोरे पनि प्रमुख प्रतिपक्षी दलको हैसियत प्राप्त भइसकेपछि संसदीय फोरमहरूमा पार्टीलाई कुशलतापूर्वक ‘ दिशा-निर्देश’ गर्नु सभापति देउवाको प्रमुख काम थियो । तर, यो कार्यकालमा पनि सभापति देउवाले कुनै राजनीतिक चमत्कार देखाउन सकेनन् । संसद्बाट चुच्चे नक्साको अनुमोदनका वेला अथवा त्यसपछिका कतिपय अवस्थामा प्रमुख प्रतिपक्षी दलका नेता देउवा निष्प्रभ देखापरे । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले प्रतिनिधिसभा विघटन गर्दा प्रमुख प्रतिपक्षबाट जस्तो प्रकारको प्रतिक्रिया आउने अपेक्षा जनताले राखेका थिए, त्यो पूरा गर्नबाट पनि देउवा नराम्ररी चुके । प्रमुख प्रतिपक्षी दल कांग्रेस ओली सरकारको लाचार छायाजस्तो देखियो । यो शुभ संकेत थिएन । प्रधानमन्त्री ओलीले पहिलोपटक प्रतिनिधिसभा विघटन गर्दा नै प्रमुख प्रतिपक्षले जनताका आवाजलाई संगठित गर्न सकेको भए त्यसपछिका संवैधानिक विपत्ति टर्न पनि सक्थे होलान् । अहिलेको स्थितिमा, कांग्रेसका लागि सरकारको नेतृत्व गर्नु र चौधौँ महाधिवेशन सम्पन्न गर्नु दुवै उत्तिकै महत्वपूर्ण विषय हुन् । राजनीतिको बाटो हिँडेपछि यहीँ पुगिन्छ वा पुगिएला भन्ने अनुमान गर्न सकिँदैन । ७५ वर्ष कटिसकेका प्रधानमन्त्री देउवालाई कसैले यो कुरा सम्झाइरहन पर्दैन । हरेक विषयलाई हतार र हलुका हिसाबले लिने उनको जुन स्वभाव र छवि छ, त्यसलाई हेर्दा प्रधानमन्त्री देउवाको यो कार्यकाल सुखद नै सुखद होला भन्न सकिने आधार छैनन् । देउवालाई छर-छिमेकमा अहिले चलिरहेका भू-राजनीतिक चलखेलको राम्रो ज्ञान होला । त्यसो त, भू-राजनीतिक मामिलामा भारत र चीनबीच मतभेद यसअघि पनि थियो । अहिले यो नयाँ रूपमा देखा पर्दैछ ।

भारतको अनुकूलता नेपालमा अहिलेको मुख्य प्रश्न बनेको छ । नेपालको सामाजिक र सांस्कृतिक आधारभूमि चीनको होइन, भारतको नजिक छ । नेपालको मधेस र तराईको भूभाग नेपाल र भारतलाई जोड्ने सांस्कृतिक सूत्रका रूपमा रहेको छ । यो सर्वकालिक तथ्य हो । अहिले जुन परि स्थितिको विकास भइरहेको छ, त्यसलाई हेर्दा प्रधानमन्त्री देउवाको हातमा धेरै कम उपाय छन्, जसले नेपालको राजनीतिक र आर्थिक विकासको ढोका उघार्न सक्छन् । ती के हुन् ? अहिलेसम्म न सरकारी स्तरमा, न त बौद्धिक र प्राज्ञिकस्तरमा यसको विषद अध्ययन नै हुन सकेको छ । अहिलेको बिन्दुबाट हेर्दा प्रधानमन्त्री देउवा चुनाव गराउन होइन, जनमतसंग्रह गराउन तयार हुनुपर्ने परिस्थिति विकसित हुन थालेको आभास पाइन्छ । राजनीतिको निर्णायक तहमा रहेका सबै महत्वपूर्ण नेतालाई यसको राम्रो ज्ञान छ- देशको अहिलेको परिस्थिति सोचेजति सहज अवस्थामा छैन । नेताहरूले नयाँ नेपालका लागि जुन संविधान लेखेका थिए, त्यसमा भारत सरकारको असहमति उसैवेला, संविधान लेखनकै क्रममा प्रकट भएको हो । यसमा छोप्ने वा देखाउने कुनै विषय छैन । नेपालको नयाँ संविधानको महत्वपूर्ण पक्ष जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण आदि हुन् ।

अहिले सार्वजनिक नभइसकेको, तर सत्ता र शक्तिको मार्गमा अड्किएर रहेको कथित विवादको मुख्य विषय नेपाललाई धर्मनिरपेक्ष समाजबाट हिन्दू समाजमा प्रत्यावर्तन गर्ने र देशले अपनाएको संघीय संरचना समाप्त गर्ने नै हो । यो हल्ला मात्र हो कि यसमा दम पनि छ ? नेपाली जनता स्पष्ट हुन चाहन्छन् । यी दुवै विषयले सामाजिक सञ्जाल मात्रै होइन, राजनीतिक दलका भित्ताहरू पनि रंगिएका छन् । स-साना पार्टीका नेताहरूको सक्रियता बढ्न थालेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापा निकै नै पुलकित हुन थालेका छन् । स्वर्गीय योगी नरहरिनाथका उत्तराधिकारीका रूपमा अहिलेसम्म कोही देखा परेको छैन । नरहरिनाथको जस्तो राजनीतिक पकड र पहिचान भएको योगी अहिलेको वातावरणमा पाइने कुरा होइनन् ।

आश्चर्यलाग्दो कुरा, यस विषयमा न कांग्रेसले र न त अरू पार्टीहरूले नै गम्भीर चासो लिएको देखिन्छ । धर्मनिरपेक्ष समाज र संघीय संरचनाका संरक्षक कता पुगेर केमा अल्झिएका छन् ? कसैलाई थाह छैन । अहिले समाजलाई दिग्भ्रमित गर्ने हिसाबले धर्मनिरपेक्षता र संघीयताका विषयहरू बाहिर आइसकेपछि संविधानमा उल्लिखित राष्ट्रिय उद्देश्यको प्रतिरक्षामा देशका मुख्य नेता उभिनुपर्ने होइन ? यो देशमा लोकतन्त्र त आयो । तर, लोकतन्त्रको दुर्दशा के भयो भने लोकतान्त्रिक मूल्य र मान्यता संरक्षणका पक्षमा बहस र छलफल चलाउने एउटा पनि मञ्च तयार हुन सकेन । शक्तिको स्वादमा नेपालका राजनीतिज्ञ केन्द्रित भए । आफूले चलनचल्ती गरिरहेको भाँडो कुच्चियो र चुहिने भयो भने के गर्ने भन्ने चेत कसैमा आएन ।

देशका नेताहरूको अवस्था उत्तिकै तन्नम छ । सन्दर्भमा, कांग्रेस सभापति तथा प्रधानमन्त्री देउवाको चर्चा त हुनु नै थियो । अर्का गर्विला नेता, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको व्यक्तित्वमा पनि बडो कम उत्साह रहेको देखिन्छ । उनले केही दिनअघि पार्टीका ४९ जना सांसद सबैलाई मन्त्री पद चाहिएको गुनासो गरेका थिए । सायद उनको समय अहिलेसम्म त्यसैमा कटिरहेको छ । जब प्रचण्डजस्ता जब्बर नेता सांसदलाई मन्त्रीमा भर्ना गर्ने काममा अलमलिएर समय बिताउँछन् भने त्यो अवस्थालाई के भन्ने ? राजनीतिका अर्का प्रखर व्यक्ति एमालेका वरिष्ठ नेता माधव नेपाललाई पार्टीकै अल्झोले अल्झाइरहेको छ । देशका सञ्चारमाध्यममा दिनदिनै प्रकाशित हुने समाचारले कुनै पनि नेताको ध्यानाकर्षित गर्न सकेको छैन । अरू त अरू, न्याय र समानताका पक्षपातीका रूपमा आफूलाई प्रस्तुत गर्ने नेताहरू नै न्याय र समानताविरुद्ध उभिएको पनि देखियो ।

देश बनाउने काम त्यति सजिलो छैन । अझ हाम्रो सन्दर्भमा त नेपालका नेताले पनि देश विकासको कुरा गर्छन् र ? भनेर आश्चर्य मान्ने धेरै भएका छन् । बितेका तीन वर्ष नेपालीले सर्वाधिक ‘अति’ मा गुमाएका छन् । कोरोना महामारीका सन्दर्भमा भर्नौं वा जनचासोका अन्य विषयमा, हामी कहीँ टिक्न नसक्ने बनेका छौँ । ओली नेतृत्वको सरकारले राष्ट्रिय जीवनलाई एकोहोऱ्याएको थियो । अहिलेको सरकारले समस्याको चाङबाट नेपाललाई मुक्त गर्नुपरेको छ ।

# प्रकृति नै रहस्यमयताको मूल स्रोत

जीवन अनुत्तरित प्रश्नको सँगालो , जन्म र मृत्युबीचको रहस्य जसलाई हामी स्वयम् हरक्षण बुझ्ने कोसिस गर्दछौ तर, सकिरहेका हुँदैनौ । रहस्य नै रहस्यले भरिपूर्ण यस्तो एउटा प्रकृति जसको न कुनै सुरुवात न कुनै अन्त्य । यो भन्न सकिन्छ कि प्रकृति र जीवनको यही कन्फ्युजन नै नियति हो । यहाँ हजारौ-हजार प्रश्नको केबल प्रश्न एउटै ‘अनुत्तरित’ । सायद यही प्रश्नको उत्तर नै अनुत्तरित यानिकी हाम्रो कल्पना शक्ति सबै काल्पनिक ।

हामी मानवलाई लाग्छ बैज्ञानिक प्रयोग र परीक्षणद्वारा स्वचालित प्राकृतिक नियमलाई बुझेका छौ । ब्रह्माण्डका प्रत्येक रहस्यको उजागर गरेका छौ । तर जब-जब हामी जति-जति प्रयोग र परीक्षण गर्दछौ, त्यति-त्यति भौतिक सफलता प्राप्त गर्दै जान्छौं । तर, बिडम्वना हाम्रो त्यहीँ प्रयोग, परीक्षणबाट फेरि एउटा यस्तो रहस्य सृजना हुन्छ, जसलाई बुझ्न अरु हजारौ प्रयोग र परीक्षण आवश्यक हुन आउँछ । जसको नतिजा हामी एउटा रहस्यमयताको उजागर गर्दा अरु हजारौ रहस्य हामीमाझ सृजना हुन्छन् ।

हामी ब्रह्माण्डको यही रहस्यमयताको उत्तर कल्पना शक्तिमा खोजिरहेका हुन्छौ र काल्पनिक उत्तरको माध्यमद्वारा विजेताको स्वाङ रच्दछौं ।

मानव समुदायको इतिहास , एउटा सोचनीय बिषय त के छ भने हामी सबै समयको गतिभन्दा पछि छौं या यसको परिधिभन्दा बाहिर ?हाम्रो सजिव इतिहास हेर्ने हो भने खासै लामो छैन । जति हाम्रो पौराणिक ग्रन्थमालामा उल्लेख गरेको पाइन्छ । अहिलेको ब्रह्माण्डीय शास्त्रलाई ब्याख्या गर्ने हो भने भौतिक विज्ञानका जति पनि रहस्य छन् , ती सबैको उत्तर कल्पना शक्तिमा केन्द्रीत गरेको पाईन्छ ।अथवा




भनौ बिज्ञानले दिन नसकेको उत्तर कल्पना शक्तिले दिन्छ ।

के साँच्चै बिज्ञान नै रहस्यको श्रोत हो त ? अहिलेको आधुनिक विश्वसम्म आइपुग्दा पनि किन प्राकृतिक रहस्यमयताको उजागर बिज्ञानले गर्न सकेको छैन ? अहिलेको हाम्रो महत्वपूर्ण उपलब्धिमध्येको कृतिम मानव पनि हो । जसको प्रोग्रामिङ हामी स्वयम्ले गरेका छौ तर, यहाँ अर्को रहस्य त के छ भने यो हाम्रो प्रकृतिको प्रोग्रामिङ चाहिँ कसले गरेको छ ?

यी सबै वस्तुगत तथ्य र तथ्यांकलाई बुझ्ने हो भने हामी पनि कतै न कतैबाट अबश्य नियन्त्रित छौ ? कल्पना , भ्रम र यथार्थबीचको फरक । वास्तवमा हो चाहिँ के ? आखिर परम सत्य चाहिँ के ? सबै वस्तुहरु त प्रकृतिबाट नै प्राप्त छ । न कुनै हामीले बनायौं न कुनै वस्तको अस्तित्व समाप्त नै गर्न सक्छौ । आखिर हामीले गर्यौं चाहिँ के मात्र स्वरुपमा फेरबदल ।

हामी मानव ब्रह्माण्डको उत्कृष्ट प्रजाति सर्वशक्तिमान अनि बुद्धिमान पनि हामीले यो कुरा बुझ्न सकेका छैनौं कि बुझ्ने प्रयत्न नै गरिरहेका छैनौं । सायदै यसकै परिणाम होला कयौं रहस्य रहस्यमै सीमित छन् ,जसका उजागर सायदै नहोला ।

कतिपय दार्शनिक मतलाई ब्रह्माण्डको रहस्य बुझ्न प्रयोग गर्ने हो भने पनि हाम्रो इतिहास विभिन्न कालखण्डका फरक- फरक मतलाई बुझ्नु पर्ने हुन आउँछ ।धार्मिक दृष्टिकोणसहितको दार्शनिक अवधारणा नै यस पृथ्वीको सजिव मानव इतिहास अनि प्राकृतिक रहस्यमयताको उजागर गर्नमा प्रयोग गरियो भने अन्यथा नहोला ।

लाखौं वर्ष लामो रहस्यमयी प्रकृति या भनौं अनन्तदेखि अनन्तसम्म नै स्वचालित समयको गतिको मापन पनि हाम्रा लागि चुनौतीको विषय बनेको छ । नयाँ भौतिक विकास बैज्ञानिक उपलब्धिको पुनरब्याख्याले समयको गतिलाई कुन हदसम्म बुझ्न कोसिस गरेको छ यो नै अहिलेको सबैभन्दा रहस्य बनेको छ । यो शताब्दीकै महान भौतिकशास्त्री भनेर चिनिएका स्टफन हकिङ्स जसले समयको गति वा परिधिलाई एउटा गम्भीर रहस्यसित जोड्दै धभअिफभ तष्भ तचबखर्भािभचक पार्टी राख्नाले पनि समय गतिको रहस्यमयतालाई अझ रहस्यमयी बनाएको छ ।

हकिङ्स मात्र नभएर अन्य भौतिक विकासका ज्ञाता जसका बैज्ञानिक आविष्कारले बुझ्ने र बुझाउने परम्परागत प्रक्रियामाथि नै प्रश्नचिन्ह खडा गर्दै नयाँ आयामको विकासमा जोड दियो या विकासको गति नै परिवर्तन गरिदियो । यसबाट पनि प्राकृतिक रहस्यमयतालाई नयाँ मोड मिलेको छ ।

अर्कोतर्फ हाम्रो अहिलेसम्मका महानतम् भौतिक विकासका उपलब्धिलाई अनन्त ब्रह्माण्डको प्राकृतिक नियम बुझ्न प्रयोग गर्ने हो भने जसको उपलब्धि लगभग शून्य हुन आउँछ ।

अहिलेसम्म हामीले प्रस्तुत गरेका तमाम् तथ्य जुन धेरै हदसम्म प्रमाणिक पनि छन् । के ती तथ्यहरु जीवन र मृत्युको रहस्यलाई बुझ्न पर्याप्त छन् त ? सामान्य बुझाइको अर्थलाई मान्ने हो भन्ने यो प्रकृति अनि यसको रहस्यमयता अति नै सरल लाग्न सक्ला । जसका हरेक प्रश्नको उत्तर अहिलेसम्मका भौतिक खोजबाट सजिलै प्राप्त गर्न सकिन्छ ।

यो पनि भन्न सकिन्छ कि मृत्यु र जन्म सबै प्राकृतिक नै हुन् । बिज्ञानले यसलाई पूर्णतया पुष्टि गरिसकेको छ । तर, प्रश्न कोरा विश्लेषणको कदापि होइन । बुझ्नै नसकिएको एउटा अनन्त प्राकृतिक ब्रह्माण्डीय रहस्यताको हो ।

वास्तवमा प्रत्येक अनुत्तरित प्रश्नको स्रोत नै प्रकृति हो । निश्चिततापूर्वक यो भन्न सकिन्छ कि जुन भ्रमलाई हामी शाश्वत सत्यको रुपमा ग्रहण गरिरहेका छौ, त्यही नै वास्तविकतामा अनन्त भ्रमको सुरुवात हो । हामी जे महसुस गरिराखेका छौ, जे बुझिराखेका छौ त्यो नै भ्रम हो ।

फेरि जुन कुरा पूरापुरी भ्रम हो, त्यो नै प्राकृतिक सत्य हो । आखिर प्रकृति किन भ्रम हो र भ्रम नै सत्य हो , फेरि पनि प्राकृतिक नियम नै पूरापुर सत्य हो । सत्य, भ्रम अनि प्रकृति यानिकी हाम्रो कल्पना शक्ति हामी सबै काल्पनिक । भौतिक बिज्ञानका प्रत्येक खोज नै काल्पनिक यानिकी मूलभुत सत्य नै काल्पनिक !

# खोपमा विभेद गरेको भन्दै आपत्ति

*बिर्तामोड (प्रस)* । कोरोनाविरुद्धको खोप लगाउने कार्यक्रममा बिर्तामोड नगरपालिकाले विभेद गरेको भन्दै चेम्बर अफ कमर्श झापाले आपत्ति जनाएको छ ।

चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली , महासचिव प्रदिप खरेल र प्रदेश १ का उपाध्यक्ष सन्तोष अग्रवालले संयुक्त प्रेस विज्ञप्ति जारी गरी आपत्ति जनाएका हुन् । आगामी दिनमा बिर्तामोड नगरपालिकालगायत झापा जिल्लाभित्र व्यवसाय गरी बस्ने सम्पूर्ण क्षेत्रका उद्योगी व्यवसायी तथा सोसँग जोडिएका कर्मचारी र मजदुरहरुलाई समेत समान रुपमा बिना भेदभाव आबश्यकता अनुसार खोप लगाउने व्यवस्था मिलाइदिन उनीहरुले आग्रह गरेका छन् ।




व्यवसायीहरुको हकहितमा रही सँधै आवाज उठाई समस्या समाधानका लागि सहकार्य गर्न तयार रहेको विज्ञप्तिमा जनाइएको छ ।

# ब्राउनसुगरसहित दुई कारोबारी पक्राउ

*झापा (प्रस)* । प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित दुईजना कारोबारी पक्राउ परेका छन् । बिहीबार दिउँसो ३.३० बजे जिल्ला प्रहरी कार्यालय झापा, लागूऔषध नियन्त्रण व्युरो काँकरभिट्टा र ईलाका प्रहरी कार्यालय धुलाबारीको संयुक्त टोलीले पक्राउ गरेको हो । विशेष सुराकीको आधारमा मेचीनगर नगरपालिका वडा नम्बर ९ स्थित लिलाबस्तीको लिलाचोकमा मे.४ प ४०९७ र मे ६ प ३२१३ नम्बरको मोटरसाइकल रोकी ब्राउनसुगर किनबेच गर्नेक्रममा मेचीनगर १ बस्ने २६ वर्षिय सरोज भुजेल र सोही ठाउँका ३५ वर्षिय निर्मल भुजेल भन्ने झलक भुजेललाई पक्राउ गरेको हो । सरोजले बोकेको कालो झोलाभित्र प्लाष्टिकमा पोका बनाइ राखेको ३४ ग्रामब्राउनसुगर , विभिन्न नेपाली दरको नोट जम्मा दुई लाख सौतालिस हजार पाँच सय रुपैयाँ र झलकको साथबाट तीन हजार पाँच सय नगद फेला पारी उनीहरुलाई ईलाका प्रहरी कार्यालय धुलाबारीमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



## बद्मासी...

गर्दै आफ्नो बचाउ गरेका छन् तर होटलको अभिलेखमा भने खड्का शुक्रबार मात्रै इन्ट्री भएको पाइएको छ । खड्कामाथि यस अघि पनि खोप लुकाएर प्रतिब्यक्ति १० हजार रुपयाँ असुलेर बिक्री गर्ने गरेको आरोप लाग्दै आएको थियो । बिर्तामोडमै औषधिको होलसेल पसल समेत गर्दै आएका खड्काले कोरोना संक्रमण शुरू भएयता आफ्नै फर्मका लाखौं मूल्यका सामाग्री नियमविपरीत नगरपालिकालाई बिक्री गरी अनियमीतता समेत गर्दै आएको स्थानीयको आरोप छ । झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिनाले प्रहरीले खोप बरामद गरिसकेको र सो विषयमा छानविन थालिएको बताएका छन् । लक्षित वर्गले कोरोना खोप नपाएको गुनासो आइरहेका बेला उक्त खोप फेला परेको हो । स्थानीय युवाहरुले खोपको दुरुपयोग भएको भन्दै खड्कालाई पक्राउ गर्न माग गरेका थिए । स्थानीय युवाहरुले प्रमुख जिल्ला अधिकारी आएपछि मात्रै खोप र खड्कालाई लानदिने भन्दै नाराबाजी समेत गरेका थिए । बिर्तामोडमा खोपको दुरुपयोग भएको गुनासो आइरहेका बेला शंकास्पद् रुपमा खोप भेटिनुले खड्ककाको कार्यशैली प्रति शंका उत्पन्न भएको प्रत्यक्षदर्शीले बताए । खोप फेला परेको दुई घण्टासम्म पनि प्रमुख जिल्ला अधिकारी नआएपछि प्रहरीले मुचुल्का तयार पारेर प्रक्रिया पुरा गरेपनि मुचुल्कामा के लेखिएको थियो भनेर सञ्चारकर्मी, उपस्थित सर्वसाधारणलाई जानकारी दिइएन् । यसैबीच इलाका प्रहरी कार्यालय अनारमनीले खोप सहित खड्कालाई पक्राउ गरेको छ । घटनाको सम्बन्धमा बुझ्ने काम भइरहेको स्वास्थ्य कार्यालय झापाका पोकल पर्सन जीवन चम्लागाईले जानकारी दिए । घटनामा दोषि पाए कारबाही हुने बताइएको छ ।

## बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हर्दिक अनुरोध गरिन्छ ।

निम्नः-

(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने ।

(२) सार्बजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने ।

(३) कार्यालय, पसल तथा सार्बजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने ।

(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने ।

(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भइै गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने ।

(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ ।

**बिर्तामोड नगरपालिका**
**इलाका प्रहरी कार्यालय, अनारमनी**
बिर्तामोड, झापा

## लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

❖ टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
❖ काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
❖ अनावश्यक खर्च गर्ने लगायत लागुऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE

## मानव डेन्टल

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## राशिफल

**मेष**: आत्मविश्वास, मिहिनेत र लगनशीलताले समस्या समाधान गर्न सकिनेछ।
**वृष**: काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ उठाउन सकिनेछ।
**मिथुन** : धेरै सक्रियता स्वास्थ्यका लागि बाधक बन्न सक्छ।
**कर्कट** : हाँसखेल र मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ।
**सिंह** : आफन्तको सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ।
**कन्या** : काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ।
**तुला** : दिगो काम थाल्ने समय छ। मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
**वृश्चिक** : पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ।
**धनु** : स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन्।
**मकर** : व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ।
**कुम्भ** : महत्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ।
**मीन** : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ।